गाउँसभाको १७ औ अधिवेशनको दोस्रो बैठक मिति २०८२/०३/१३

## निर्णय नं. १

यस गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर योङयाबाट मिति २०८२/०३/१० गते सम्पन्न यस गाउँपालिकाको १५ औ गाउँसभाको पहिलो बैठक समक्ष पेश भएको आर्थिक वर्ष २०८१/०८२ को समिक्षा सहित आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम उपर कुनैपनी संसोधन प्रस्ताव दर्ता नभएको हुँदा उक्त वार्षिक नीति तथा कार्यक्रमलाई बहुमतले पारित गर्ने निर्णय गरियो।

## निर्णय नं. २

यस गाउँपालिका उपाध्यक्ष तथा राजश्व परामर्श समिति संयोजक श्री बाबा मेयाङवोबाट मिति २०८२/०३/१० गते सम्पन्न यस गाउँपालिकाको १७ औ गाउँसभाको पहिलो बैठक समक्ष पेश भएको याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक २०८२ उपर सभाले तोकेको समय अवधिभित्र कुनैपनी संसोधन प्रस्ताव पेश नभएको हुँदा उक्त विधेयकलाई दफावार छलफल गरी बहुमतले पारित गर्ने निर्णय गरियो।

## निर्णय नं. ३

यस गाउँपालिका उपाध्यक्ष तथा बजेट तर्जुमा समिति संयोजक श्री बाबा मेयाङवोबाट मिति २०८२/०३/१० गते सम्पन्न यस गाउँपालिकाको १७ औ गाउँसभाको पहिलो बैठक समक्ष पेश भएको याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को विनियोजन विधेयक २०८२ उपर सभाले तेकेको समयमा दर्ता भएका संसोधन प्रस्ताव माथी छलफल गरी उक्त संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको हुँदा याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रमको ब्रेकडाउन सहितको विनियोजन विधेयक २०८२ लाई बहुमतले पारित गर्ने निर्णय गरियो।

### निर्णय नं. ४

याङवरक गाउँपालिका अध्यक्ष ज्यूबाट छलफलका लागी पेश गरेको आ.व. २०८१/०८२ को न्यायिक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सर्वसहमतिले निर्णय गरियो। (प्रतिवेदन अन्तिममा राखिएको छ।)

## निर्णय नं. ५

चालु आ.व. २०८१/०८२ मा कार्यसम्पन्न गरी विभिन्न कारण भुक्तानी हुने अवधि सम्ममा भुक्तानी हुन छुट भएको खण्डमा त्यस्ता भुक्तानी हुन छुटेका योजना तथा कार्यक्रमहरुको दायित्व सारी आगामी आ.व.२०८२/०८३ मा भुक्तानी दिने निर्णय गरियो।

## निर्णय नं. ६

यस गाउँपालिकाबाट चालु आ.व. २०८१/८२ मा विनियोजन भई सम्झौता गरी कार्यादेश प्रदान भई संचालनमा रहेका र विभिन्न कारणले यस चालु आ.व. कार्य सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई दायित्व सारी म्याद थप गरी आगामि आ.व.मा कार्यसम्पन्न गरी भुक्तानी गर्ने निर्णय गरियो।

गाउँसभाको १७ औ अधिवेशनको दोस्रो बैठक मिति २०८२/०३/१३

## निर्णय नं. ७

चालु आ.व. २०८१/०८२ मा विनियोजन भई विभिन्न कारणले कार्यन्वयन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई अल्या गरी आगामि आ.व. २०८२/०८३ मा कार्यान्वय गर्ने र चालु आ.व. २०८१/०८२ मा विनियोजन भई शिर्षिक फरक भएका कारण कार्यन्वयन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई संशोधन सहित अल्या गरी आगामि आ.व. २०८२/०८३ मा कार्यान्वय गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७८/१२/१३ गतेको निर्णय अनुसार मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका , क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम नै कार्यान्वयन हुने गरी नेपाल सरकारले दिएको उपचार खर्चमा यस गाउँपालिका भित्रका विरामीहरुलाई मासिक थप रु २ हजार आ.व. २०७९/०८० बाट दिइदै आएकोमा आगामी आ.व. २०८२/०८३ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

## निर्णय नं. ९

आ.व. २०८१/०८२ को असार मसान्तमा हिसाव मिलान गर्दा बचत हुन आएको रकमलाई भुक्तानी वाँकी तथा म्याद थप भएका योजना कार्यक्रमहरुको सन्दर्भमा सोही शिर्षकमा विनियोजन गरी र वाँकी रहेको रकमको हकमा भैपरी चालुमा (४०%) र भैपरी पूँजिगतमा (६०%) विनियोजन गरी कार्यपालिकाको निर्णय अनुसार खर्च गर्ने सर्वसहमतिले निर्णय गरियो ।

## निर्णय नं. १०

गाउँपालिकाको फोहरुमैला व्यवस्थापन नीतिले व्यवस्था गरे वमोजिम गाउँपालिका क्षेत्रभित्र उत्सर्जन हुने कुहिने तथा नकुहिने फोहोरलाई व्यवस्थापन गर्नका निम्ति कार्यालयले विभिन्न समयमा सूचना निकाली जग्गा प्राप्तिको लागि प्रकृया अगाडी बढाएकोमा सशुल्क प्राप्तिको चरणमा प्रकृया अन्तिम चरणमा पुगेपछि सो जग्गा प्राप्तिको लागि प्रमुख प्रसाशकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

## निर्णय नं. ११

आ.व. २०८१/०८२ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यालय प्रमुख स्तरबाट भएका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

आ.व. २०८१/०८२ मा गाउँ कार्यपालिका बैठकबाट भएमा तपशिल बमोजिमको बैठक संख्या र मितिमा भएका निर्णयहरु अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपशिल:

| क्र.स. | बैठक संख्या | बैठक मिति | निर्णय संख्या |
|---|---|---|---|
| १ | ११०-०१-२०८१/०८२ | २०८१/०४/२९ | ७ |

गाउँसभाको १७ औ अधिवेशनको दोस्रो बैठक मिति २०८२/०३/१३

| क्र.स. | बैठक संख्या | बैठक मिति | निर्णय संख्या |
|---|---|---|---|
| २ | १११-०२-२०८१/०८२ | २०८१/०५/३० | २ |
| ३ | ११२-०३-२०८१/०८२ | २०८१/०६/१० | ३ |
| ४ | ११३-०४-२०८१/०८२ | २०८१/०८/१० | ७ |
| ५ | ११४-०५-२०८१/०८२ | २०८१/०९/०९ | ६ |
| ६ | ११५-०६-२०८१/०८२ | २०८१/१०/१५ | ३ |
| ७ | ११६-०७-२०८१/०८२ | २०८१/११/१० | ५ |
| ८ | ११७-०८-२०८१/०८२ | २०८१/१२/०६ | ३ |
| ९ | ११८-०९-२०८१/०८२ | २०८२/०१/१४ | ४ |
| १० | ११९-१०-२०८१/०८२ | २०८२/०२/१३ | २ |
| ११ | १२०-११-२०८१/०८२ | २०८२/०३/०९ | ८ |

## निर्णय नं. १२

आ.व. २०८२/०८३ को लागि संघीय सरकारबाट शर्सत अनुदान, समपुरक अनुदान, विषेश अनुदान तथा अन्य योजना तथा कार्यक्रमहरु र प्रदेश सरकारबाट प्राप्त शर्सत अनुदान, समपुरक अनुदान तथा अन्य योजना तथा कार्यक्रमहरुलाई सोहि शिर्षकमा अनुमोदन गरी प्राप्त निर्देशन र प्रचलित कानुनको परिधिभित्र रहि कार्यान्वय गर्ने निर्णय गरियो।

## निर्णय नं. १३

यस गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्नको लागी गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा आफ्नो संस्थाको कार्यक्रम समावेश गर्नको लागी श्री दिपज्योती युवा क्लव र ह्युमन प्राक्टिस फाउण्डेसनले आफ्नो आ.ब. २०८२/०८३ को वार्षिक कार्यक्रम पेश गरेको हुँदा उक्त संस्थाको कार्यक्रमलाई पारित गरी गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो।